नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २६० २०७८ साल असार २२ गते मंगलबार (6 July 2021 Tuesday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : माथिल्लो तामाकोशी : ... ३ पृष्ठमा : मनकामना स्मार्ट लघुवित्तको ... ३ पृष्ठमा फिलिपिन्समा सैनिक ...

# देवर पर्ने ब्यक्तीबाट बलात्कार प्रयास भएको आरोप

**दैनिक समाचारदाता**
**राजबिराज, २१ असार ।**

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका १४ रम्पुरा की एक २८ बर्षिया महिलाले नातामा पर्ने देवरले आफूमाथी बलात्कारको प्रयास गरेको आरोप लगाएकी छिन् ।

सोमबार राजबिराजमा पत्रकार सम्मेलनको आयोजना गर्दै ती महिलाले पति बैदेशिक रोजगारमा बाहिर रहेको मौका छोप्दै देवरले आफुमाथि बलत्कारको प्रयास गरेको आरोप लगाइन् ।



स्थानिय राजकुमारी यादबले नाताले देबर पर्ने सोही वडा निवासी ३५ बर्षिय सूर्य नारायण यादबले शनिवार राती बलात्कारको प्रयास गरेको बताइन् । यस बारे जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी समेत दिदा कुनै सुनवाई नभएको जानकारी दिइन् ।

आरोपीत ब्यक्ती जनप्रतिनिधिका छोरा रहेकाले उनलाई जोगाउन जनप्रतिनिधि आफै लागिपरेकोले अहिलेसम्म पक्राउ पर्न नसक्दा न्यायका लागि संचारकर्मीमाँझ आउनु परेको उनको भनाई छ ।

शनिबार राती सुतिरहेका बेला ढोका फोडेर एक्कासी भित्र पसेर यादबले लछारपछार गर्दै जवरजस्तीकरणी गर्न खोजेको उनले बताइन् । सो क्रममा आफुले चिच्याउन थालेपछि अर्को कोठामा सुतेका सासु ससुराका साथै छिमेकीहरू उठेपछि उनी फरार भएको राजकुमारीको भनाई छ ।

त्यस्तै पत्रकार सम्मेलनमो पीडित महिलाका बुबा

***बाँकी तीन पृष्ठमा***

# दजनौं घर डुवानमा

**दैनिक समाचारदाता**
**राजबिराज, २१ असार ।**

लगातारको बर्षाका कारण जिता नदीको बाध भत्किदा राजविराज नगरपालिका वडा न. १० कदमाहा टोलका दर्जनौं घर डुबानमा परेको छ ।

महुलीस्थित जिता नदीमा अचानक पानीको सतह बढेपछि बाँध फुट्दा कदमाहा टोलका ती घर डुबानमा परेको हो ।

सोमबार बिहान केही बेर वर्षा भएपछि अचानक टोलमा पानी पसेको र स्थानियको घरमा ३/४ फिटसम्म पानी जम्मा भएको स्थानिय राजेन्द्र यादवले जानकारी दिएका छन् ।

यता वडाअध्यक्ष सुशिल दासले डुवानमा परेका मध्येबाट २५ परिवार पूर्ण रुपमा डुबानमा परेको बताए ।

# निरन्तरको बर्षाले खाडो बाँध कटान हुदै



**दैनिक समाचारदाता**
**राजबिराज, २१ असार ।**

केही दिनदेखि परेको अबिरल बर्षाका कारण राजबिराज १५ भरूवास्थित खाडो बाध कटान हुन थालेको छ ।

सोमबार बेलुकादेखि खाडो नदिमा अत्यधिक पानीको चाप बढन थालेपछि भरूवा बस्ती जोखिममा परेको छ ।

नदिको बहावको पश्चिमतर्फ बस्ती छेउमा बग्न थालेपछि बस्ती नै जोखिममा परेका स्थानिय फुलेश्वर यादब जानकारी दिएका छन ।


२०७४ सालमा भरूवामा खाडो तटबन्ध भत्किन थालेपछि बाँध कटान हुन नदिन स्थानिय डोमी यादबले पानी बहाव रोक्न खोज्दाँ उनलाई बाढीले बगाएको थियो ।

खाडो नदि नियन्त्रण गर्ने काय समयमा नहुदाँ बर्सेनि यहाँ

***बाँकी तीन पृष्ठमा***




नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाण्डौं

# माथिल्लो तामाकोशी : मुलुकका लागि 'गेमचेञ्जर' आयोजना

काठमाडौं, २१ असार (रासस) ।

कूल ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत् आयोजना सञ्चालनमा आएपछि मुलुकको अर्थतन्त्रमा के कस्तो प्रभाव पर्ला भन्ने आम मानिसको चासो रहेको छ ।

सोही चासोलाई सम्बोधन गर्दै ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको समेत जिम्मेवारी सम्हाल्नुभएका उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले भन्नुभयो, "मुलुकको आर्थिक वृद्धिमा तामाकोशीले एक प्रतिशत बराबरको योगदान दिन्छ ।"

ऊर्जा क्षेत्रका जानकारका अनुसार एक युनिट बिजुलीले झण्डै रु ९० देखि रु १०० बराबरको प्रभाव पार्दछ । अर्थतन्त्रको विकास र विस्तारका लागि ऊर्जा आफैँमा महत्वपूर्ण स्रोत हो । यही स्रोतलाई आत्मसात् गर्दै अर्थमन्त्री पौडेलले तामाकोशीले अर्थतन्त्रमा पार्ने प्रभावका बारेमा चर्चा गर्नुभएको हो ।

झण्डै ११ वर्षमा आयोजना सम्पन्न भए पनि आगामी दिनमा यसले राष्ट्रिय रुपमा पार्ने सकारात्मक प्रभाव आफैँमा महत्वपूर्ण रहेको छ । नेपाली मुद्राको तुलनामा अमेरिकी डलरमा भएको वृद्धि, प्राकृतिक विपद् तथा सीमा नाकामा भएको अवरोधलगायतका कारणले आयोजना तोकिएको समयमा पूरा हुन सकेन ।

शुरुआती तालिकाअनुसार २०७२ असारमा सम्पन्न हुनुपर्ने आयोजना अनेकन कारणले ढिला भए । समय र लागत बढ्दा आयोजनाले दिने प्रतिफलसमेत कम हुने हो कि भन्ने आशंका नीति निर्माता तथा आम लगानीकर्तामा देखा पर्‍यो ।

नेपालको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने यो आयोजनालाई 'गेम चेञ्जर' आयोजनाका रुपमा लिइन्छ । किनकी, नेपाली स्रोत र साधन प्रयोग गरेर निर्माण गरिएको हालसम्मकै ठूलो आयोजना माथिल्लो तामाकोशी नै हो । बिजुली बढी माग हुने समयमा कूल क्षमताअनुसार नै सञ्चालन गर्न सकिने यसको अर्को विशेषता हो ।

नेपालले ठूला परियोजना आफैँ निर्माण गर्न सक्छ भन्ने आत्मविश्वास पैदा गर्न सो आयोजना सफल भएको छ । अर्थमन्त्री पौडेलका अनुसार माथिल्लो तामाकोशीले नेपालको जलविद्युत् विकासको इतिहासमा कोशेढुङ्गा गाडन सफल भएको छ । नेपाली पूँजीबाट निर्माण भएको आयोजनाको आफ्नै प्रकारको विशेषता रहेको उल्लेख गर्दै उहाँले यसले महत्वपूर्ण उपलब्धि दिँदै जाने विश्वास व्यक्त गर्नुभयो ।

मुलुकको आर्थिक विकास तथा औद्योगिक उत्पादनका लागि समेत आयोजना महत्वपूर्ण रहेको स्पष्ट पार्दै उहाँले मुलुकभित्र भरपर्दो बिजुली प्रवाह गर्न यसले प्रत्यक्ष योगदान गर्ने बताउनुभयो । आयोजना नेपालका लागि आफैँमा एउटा महत्वपूर्ण पाठशाला भएको टिप्पणी गर्दै यसबाट प्राप्त भएका सकारात्मक र नकारात्मक दुवै विषयबाट शिक्षा लिएर आगामी दिनमा ऊर्जा क्षेत्रको विकासमा लाग्नुपर्ने उहाँको भनाइ छ ।

उहाँले भन्नुभयो, "आयोजना सम्पन्न गरेर ऊर्जा क्षेत्रको विकासमा नयाँ फड्को हासिल गरेका छौ, आगामी दिनमा अझै नयाँ नयाँ कीर्तिमानी कायम गर्दै अगाडि बढ्नुपर्छ ।" विसं २०६७ मा मुख्य सिभिल निर्माण कार्य शुरु गरिएको आयोजनाको २०६८ जेठ ४ गते शिलान्यास गरिएको थियो । शिलान्यासदेखि सोमबारका दिनसम्म आइपुग्न आयोजनाले अनेकन हण्डर र ठक्कर झेल्नुपरेको छ ।

'गोरखा भूकम्प' नै माथिल्लो तामाकोशीका लागि सबैभन्दा ठूलो समस्याका रुपमा देखापर्‍यो । पहुँचमार्ग नै भत्कियो । लागत बढ्यो । शुरुमा २०७२ असारमै सम्पन्न गर्ने योजना रह पनि अनेकन कारणले गर्दा झण्डै छ वर्षपछि आयोजना बिजुली बाल्ने अवस्थामा आइपुगेको छ ।

राष्ट्रिय गौरवका परियोजनामध्ये मेलम्ची खानेपानी आयोजनापछि निर्माण सम्पन्न हुने दोस्रो परियोजनाका रुपमा यो रहेको छ । झण्डै रुग्ण अवस्थामा पुगेको आयोजनालाई नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङले मेहनत गरेर एउटा लयमा ल्याउनुभएको हो ।

प्राकृतिक विपत्ति तथा कोरोना महामारी जस्ता कारणले आयोजनामा ढिलाइ भएको उहाँको अनुभव छ । प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका अनुसार माथिल्लो तामाकोशीले देखाएको बाटो पहिल्याएर नेपालको जल विद्युत् क्षेत्रको विकास र विस्तारमा लाग्नुपर्ने छ । उहाँले भन्नुभयो, "नेपालीको पौरख, नेपालको गौरव शैलीमा काम गरियो भने हामी सफल हुन सक्छौँ भन्ने तामाकोशीले देखाएको छ ।" उहाँले मध्यम खालका उत्पादन क्षमता र लागतका जल विद्युत् आयोजना अब स्वदेशी लगानी, इञ्जिनीयरिङ र व्यवस्थापनबाट निर्माण गर्न सकिने आत्मविश्वास पैदा भएको बताउनुभयो ।

यस्ता आयोजना आफैँ बनाउनका लागि आँट र हिम्मत आएको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "चिलिमे मोडलमा बनेको यो आयोजना स्वदेशी इञ्जिनीयरिङमा बनाउन त्यो बेला हामीले आँट गरेनौं तर सोमबार यो आयोजना निर्माण सम्पन्न हुँदै गर्दा आगामी दिनमा स्वदेशी इञ्जिनीयरिङमा नै बनाउने आँट पलाइसकेको छ ।"

कार्यकारी निर्देशक शाक्यले कूल ४०० मेगावाट वरपरका बेतन कर्णाली जस्ता आयोजना स्वदेशी ढाँचा, लगानी र इञ्जिनीयरिङ तथा व्यवस्थापनबाट नै गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्री केपी शर्मा ओलीले उद्घाटन गर्नुभएको आयोजनामा कूल छ युनिट छन् । त्यसमध्ये आज एउटा युनिट सञ्चालनमा आएको हो । बाँकी पाँच युनिट आगामी भदौभित्रै सञ्चालनमा ल्याउने तयारी गरिएको छ । एउटा युनिटले ७६ मेगावाट बिजुली उत्पादन गर्दछ ।

नेपालमा जलविद्युत् इतिहासको झण्डै ११० वर्षे कालखण्डमा हालसम्मकै ठूलो क्षमताको आयोजना सञ्चालनमा आएको हो । दोलखाको बिगु गाउँपालिका-१ लामाबगरमा आयोजनाको बाँध र गोगरमा विद्युत् गृह रहेको छ ।

आयोजनाबाट दुई अर्ब २८ करोड युनिट वार्षिक विद्युत् उत्पादन हुनेछ । आयोजनामा ८.४५ किलोमिटर लामो मुख्य सुरुङ र एक हजार १६५ मिटर लामो पेनस्टक निर्माण गरिएको छ । यस आयोजनाको सम्भाव्यता अध्ययन तथा पहुँचमार्ग विस्तृत अध्ययन डिजाइनको काम नेपाल विद्युत् प्राधिकरणले विसं २०५७ देखि २०६० मा गरेको थियो ।


**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कसैको ज्यान मारेमा जन्मकैदसम्मको सजाय हुने,
- इजाजत प्राप्त नगरेको व्यक्तिले इलाज गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी इलाज गर्दा ज्यान मरेमा जन्मकैद र अंगभंग भएमा पन्ध्र वर्षसम्म कैद हुने,
- मञ्जुरी विना मानव शरीरमा कुनै परीक्षण गर्नेलाई तीन बर्षसम्म कैद र तिस हजार रुपैयाँम्म जरिबाना हुने तर त्यसरी परीक्षण गर्दा ज्यान मरेमा, ज्यान मारे सरह र अंगभंग भएमा अंगभंग भए सरह सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**
*Dr. Lalan Prasad Rauniyar*
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**
*Dr. Dinesh Upreti*
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
**कन्सलटेन्ट फिजिसियन**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**
*Dr. Parasmani Shah*
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
**दुखाई विशेषज्ञ**
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




# मनकामना स्मार्ट लघुवित्तको आइपिओमा २० लाख आवेदन

काठमाडौं, २१ असार (रासस)।
मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्थाले सार्वजनिक गरेको प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) मा २० लाखभन्दा बढीले आवेदन दिएका छन्।

सोमबार साँझ ५:३० बजेसम्म २० लाख २६ हजार २४५ जनाको आवेदन परेको छ। यो मागभन्दा ७३ गुणा बढी भएको शेयर निष्कासन तथा बिक्री प्रबन्धक एनएमबी क्यापिटलले जनाएको छ। यही असार १७ गतेबाट खुला भएको आईपीओ सोमबार सकिएको छ।

क्यापिटलका अनुसार उक्त आवेदनबाट रु दुई अर्ब ६५ करोड ७४ लाख ५० हजार कित्ता शेयर माग भएको छ। संस्थाले सर्वसाधारणका लागि ३ लाख ३६ हजार ४९२ कित्ता शेयर मात्रै बिक्री गरेको थियो। लघुवित्तको आईपीओमा मागभन्दा बढी आवेदन परेकाले धितोपत्र निष्काशन तथा बाँडफाट निर्देशिका अनुसार बाँडफाट हुने बताइएको छ। निर्देशिका अनुसार गोलाप्रथाबाट न्यूनतम १० कित्ता बाँडफाट गर्दा ३६ हजार ३४९ जनाले मात्रै लघुवित्तको शेयर पाउने छन्। त्यस अनुसार ९८.१० प्रतिशतभन्दा धेरैले शेयर नपाउने देखिएका छन्। हालसम्म प्राप्त तथ्याङ्क पूर्ण नरहेकाले लघुवित्तको आईपीओ आवेदन गर्नेको सङ्ख्या अझै थप हुन सक्ने क्यापिटलले जनाएको छ।

तीन करोड ८९ लाख बराबरको आईपीओ निष्कासन तथा बिक्री खुला गरिएको संस्थाको प्रमुख कार्यकारी अधिकृत देवसिंह विष्टले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतिकित्ता १०० अङ्कित दरका तीन लाख ८९ हजार ४९२ कित्ता साधारण शेयर बिक्री खुला भएको छ। तीमध्ये जारी पुँजीको ०.५ प्रतिशत अर्थात् १९ हजार ४५० कित्ता शेयर सामूहिक लगानीका लागि र ६ हजार ५८ कित्ता कम्पनीका कर्मचारीका लागि छुट्याइएको छ। बाँकी रहेका तीन लाख ६३ हजार ४९२ कित्ताको लागि सर्वसाधारणका लागि बिक्री खुला गरिएको कम्पनीले जनाएको छ। उक्त सेयर इच्छुक लगानीकर्ताले न्यूनतम १० कित्तादेखि अधिकतम एक हजार कित्तासम्मका लागि आवेदन दिन सक्नेछन्।

### *निरन्तरको ...*

स्थानियहरूले सयौ बिगाहामा लगाएको धान बालीमा क्षती पुग्ने गरेको स्थानिय फुलेश्वरले बताए।

यता राजविराज नगरपालिका योजना अधिकृत मनोज यादवले भरूवास्थित खाडो नदिको स्थलगत अनुगमन गर्दै खाडो नदिको कटान नियन्त्रण गर्न सक्दो पहल गर्ने प्रतिबद्धता जनाए।

जिल्लाको त्रियुगा, खडग, सप्तकोशी लगायतको नदिमा आएको बाढीले आधा दर्जन स्थानिय तहका घरहरू डुवानमा परेको छ।

लगातारका बर्षाले विभिन्न नदि खोलामा आएको बाढीले जिल्लाको कतिपैय स्थानमा रहेको तटबन्धमा कटान हुन थालेको छ।

बर्षाका कारण हनुमाननगर कंकालनी नगरपालिकाको वडा नम्वर ९, १०, ११, १२, र १३ का करिव २ सय भन्दा बढी घर डुवानमा परेको र नियन्त्रणका लागि स्थानिय स्तरबाट कार्य भईरहेको नगरप्रमुख शैलेश साहले बताए।

यस्तै त्रियुगा, अमहा, टेंगा, गंगाजली लगायत नदिको पानी पस्दा सप्तकोशी नगरपालिकाको वडा नम्वर १, २, ३ र ४ का करिव १ सय घर डुवानमा परेको नगरप्रमुख उतम गौतमले जानकारी दिएका छन।

उक्त नदिको उच्च बहावले सिद्विपुर र सखुवानीमा रहेको तटबन्ध कटान गरिरहेको नगरप्रमुख गौतमले बताए। यस्तै सप्तरीको डाक्नेश्वरी ६ स्थित खडग खोलामा आएको बाढीले कटैया स्थित तटबन्धमा कटान सुरू गरिसकेको छ।

# ‘मत बदर नहुने मतदाता शिक्षामा जोड

काठमाडौं, २१ असार (रासस)।
प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सबै मतदातालाई मतदानमा समान सहभागिता र कुनै पनि मतपत्र बदर नहुने गराउन साक्षरता अभियान जरुरी भएको बताउनुभएको छ। निर्वाचत आयोगको आयोजना र क्रियाशील महिला पत्रकार (डब्लुडब्लुजे) का संयोजनमा आयोजित एकदिने ‘निर्वाचन व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम’ भर्चुअल उद्घाटन गर्दै उहाँले निर्वाचनमा एक मत पनि बदर नहुने गरी निर्वाचन साक्षरता अभियान जरुरी भएकामा जोड दिनुभयो।

अध्यक्ष थपलियाले भन्नुभयो,“ निर्वाचन आयोग एक्लैले यो काम सम्भव छैन,यसमा सबैको सहकार्य जरुरी छ।” निर्वाचनसम्बन्धी सूचनाको पहुँचमा सञ्चारमाध्यमको व्यापक प्रयोग गर्न तथा नागरिक आफैंले निर्णय गरेर मतदानमा सहभागी हुने वातावरण बनाउन जरुरी रहेको बताउँदै उहाँले आधाभन्दा बढी जनसङ्ख्या रहेका महिला, जनजाति, सीमान्तकृत, साक्षरता तथा कम साक्षरता भएका ठाउँमा निर्वाचन शिक्षा जरुरी भएको बताउनुभयो।

आयोगको तथ्याङ्कानुसार देशभर करीब एक करोड ६५ लाख मतदाता छन्। त्यो अझै बढ्ने क्रममा छ। नेपालमा देशभर ६० प्रतिशत मत खस्ने गरेको छ। त्यसमध्ये पाँच प्रतिशतको हाराहारीमा बदर हुने गरेको छ। राष्ट्रियसभाको निर्वाचनमा भने १३ प्रतिशत बदर भएको देखिएको छ।

सो अवसरमा आयोगका सदस्य डा जानकीकुमारी तुलाधरले मतदातालाई सुसूचित गराउनका लागि महिला पत्रकारको महत्वपूर्ण भूमिका रहेको र त्यसका लागि सम्पादकीय र व्यवस्थापकीय स्थानमा तिनको सहभागिता हुनुपर्ने जरुरी रहेको बताउनुभयो।

डब्लुडब्लुजेका अध्यक्ष निर्मला आचार्यले निर्वाचनमा मत बदर नै नहुने गरी नागरिकलाई साक्षरता जनाउने र निर्वाचनका समाचारमा पत्रकार महिलाको पनि उल्लेख्य सहभागिता गराउने उद्देश्यले अभिमुखीकरण तामिलको आयोजना गरेको जानकारी गराउनुभयो। तालीममा निर्वाचन आयोगका तर्फबाट तीन कार्यपत्र र डब्लुडब्लुजेका तर्फबाट एक कार्यपत्र प्रस्तुत हुनेछ। प्रत्येक प्रदेशबाट तीन/तीन गरी २१ पत्रकार महिला तथा आयोग र डब्ल्युडब्ल्युजेका गरी ४० जना तालीममा सहभागी छन्।

### *देवर पर्ने ...*

शिवनारायणले छोरी सासू ससुराबाट समेत असुरक्षित रहेको भन्दै घरमा सुरक्षित साथ बस्ने बातावरणका लागि सहयोग गरि दिन आग्रह गरे।

यता आरोपित सुर्य नारायण यादबले भाउजू राजकुमारीले लगाएको आरोप निराधार र आफ्नो चरित्र हत्या गर्ने प्रयास भएको दाबी गरेका छन।

जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले पीडित महिलाको उजुरीको आधारमा आवश्यक अनुसन्धान गर्न त्यसतर्फ एक टोली खटाईसकिएको बताएका छन।




नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

## विश्व समाचार

# फिलिपिन्समा सैनिक विमान दुर्घटनामा मृत्यु हुनेको संख्या ५० पुग्यो

मनिला, २१ असार (रासस-सिन्ह्वा)।
फिलिपिन्समा आइतार भएको सैनिक विमान दुर्घटनामा परेर मृत्यु हुनेको संख्या ५० पुगेको यहाँको रक्षा मन्त्रालयले सोमबार जानकारी दिएको छ ।

फिलिपिन्सको एउटा सैनिक विमान हवाई मैदानमा अवतरण गर्नेक्रममा आइतबार दुर्घटनाग्रस्त भएको थियो। त्यसमा परेर आइतबार नै कम्तीमा पनि १७ जनाको मृत्यु भएको बताइएको थियो। सैनिकहरु चढेको उक्त विमानमा सवारमध्ये अरु घाइते थिए। ती घाइतेमध्ये केहीको मृत्यु भएपछि सोमबार मृतकको संख्या ५० पुगेको फिलिपिन्सको रक्षा मन्त्रालयले जानकारी दिएको हो। सी-१३० हर्कुलस विमानमा ९२ जना सवार रहेका बताइएको छ। सुलु प्रान्तको जोलो द्वीपस्थित विमानस्थलमा अवतरण गर्नेक्रममा नजिकैको आवासीय क्षेत्रमा आइतबार मध्याह्न विमान दुर्घटनाग्रस्त भएको हो।

स्थानीय सञ्चारमाध्यमहरुमा प्रशारित दृष्यहरु र प्रकाशित तस्विरमा दुर्घटनाग्रस्त विमान भुँइमा बजारिएसँगै आगलागी भएको देखिएको छ। विमान दुर्घटनाग्रस्त भएको नजिकै घरहरु माथि बाक्लो कालो धुँवा पनि ती दृष्यमा देखिएको छ। सोमबार एकजना सैनिक जर्नेलले दिएको समाचारमा त्यस दुर्घटनामा ९६ जना यात्रु रहेका र तीमध्ये ५० जनाको ज्यान गएको छ। अरु घाइते रहेका छन्।

उनका अनुसार दुर्घटनामा परेर मृत्यु हुनेमा ४७ जना सैनिक छन्। अरु तीन जना गैर सैनिक नागरिक रहेका छन्। सो विमान यहाँको सेनाको रहेको बताइएको छ। सो विमान कागायान डी ओरोबाट दक्षिणी मिन्डानाओ द्वीपतर्फ सैनिकहरु लिएर गैरहेको थियो। उहाँले जोलोमा विमान अवतरण गर्न लाग्दा नजिकैको आवासीय क्षेत्रमा खसेको पनि बताउनुभयो।

फिलिपिन्सको रक्षा मन्त्रालयले दुर्घटनाको कारणका बारेमा सरकारले अनुसन्धान शुरु गरेको जानकारी दिएको छ। सेनाका प्रवक्ताले सो विमानको दुर्घटनाका बारेमा आइतबार साँझदेखि नै अनुसन्धान शुरु भएको बताउनुभएको छ।

# कोरोना विरुद्धको खोप वितरणमा समानता होस : बान कि मुन

बेइजिङ, २१ असार (रासस-एएफपी)।
संयुक्त राष्ट्रसंघका पूर्व महासचिव बान कि मुनले कोरोना भाइरसविरुद्धको खोप वितरणको काममा समानता हुनुपर्ने बताउनुभएको छ। उहाँले यो महामारीले विश्वलाई नै उत्तिकै असर गरिरहेकोले सबै देशहरुले यो खोपको उपलब्धतामा समान व्यवहार अपनाउनुपर्नेमा जोड दिनुभएको छ। उहाँले अहिले यो खोपको उत्पादन र वितरणका क्षेत्रमा काम गरिहेका देशहरुले अहिलेको प्रयासलाई थप दोब्बर बनाउनुपर्नेमा जोड दिनुभएको हो।

एक भिडियो कन्फ्रेन्समा बोल्दै उहाँले भन्नुभयो- यो अवस्थामा विश्वलाई नै कोरोना भाइरसको महामारीबाट बचाउनुपर्छ र त्यसका लागि विश्वका सबै देशका नागरिकमा खोपको उपलब्धता हुनु जरुरी छ।

उहाँले अहिले जलवायु परिवर्तनको चपेटामा पनि मानिसहरु परिररहेका प्रसंग उल्लेख गर्दै जलवायु परिवर्तनले मानिसहरुको विस्तारै अर्थात नजानिँदो रुपले ज्यान लिइरहेको छ र यो कोरोना भाइरसले चाँडो चाँडो ज्यान लिएको छ भन्नुभयो। यी दुवै समस्याका विरुद्धमा विश्व एक भएर लड्नुपर्नेमा पनि उहाँले सो कन्फ्रेन्समा जोड दिनुभएको थियो।

# भारतमा कोरोना भाइरस निको हुने दर ९७.११ प्रतिशत पुग्यो

नयाँ दिल्ली, २१ असार (रासस/सिन्ह्वा)।
भारतमा कोरोना भाइरस निको हुने दर बढेको छ। भारतमा कोरोना भाइरस निको हुने दर ९७.११ प्रतिशत पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले सोमबार जानकारी दिएको छ। गत २४ घण्टामा भारतमा ३९ हजार ७९६ थप व्यक्तिमा कोरोना सङ्क्रमण भएको छ। गग जुन २९ बाट यहाँ ४० हजार भन्दा कम व्यक्तिमा मात्र कोरोना सङ्क्रमण भएको पाइएको छ। हाल भारतमा कोरोना सङ्क्रमितको कूल सङ्ख्या तीन करोड ५ लाख ८५ हजार २२९ पुगेको सो मन्त्रालयले जनाइएको छ।

यसै अवधीका भारतमा कोरोना सङ्क्रमणबाट ७४३ व्यक्तिको मृत्यु भएपछि यस प्रकोपबाट ज्यान गुमाउनेको संख्या चार लाख २ हजार ७२८ पुगेको छ। हाल भारतमा चार लाख ८२ हजार ७१ जना सक्रिय सङ्क्रमित रहेका छन्। गत २४ घण्टाको समय अवधिमा ४२ हजार ३५२ व्यक्ति कोरोना सङ्क्रमणबाट मुक्त भएका छन्। भारतमा कोरोना शुरु भएदेखि हालसम्म दुई करोड ९७ लाख ४३० कोरोना भाइरस मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु गरिएको थियो। सो समयदेखि हालसम्म यहाँ ३५ करोड २८ लाख ९२ हजार ४६ डोज कोरोनाविरुद्ध खोप लगाइएको छ। भारतमा ४१ करोड ९७ लाख ७७ हजार ४५७ व्यक्ति लाई कोरोना भाइरस परिक्षण गरिएको पनि सरकारी स्रोतले जानकारी दिएको छ।

# पटक पटक घोषणा गरेको सेवा सुविधाबाट बञ्चित रहेको भन्दै बालविकासकर्मी आन्दोलित




**दैनिक समाचारदाता**
**राजबिराज, २१ असार ।**

बालविकासका शिक्षक, शिक्षिका तथा कर्मचारीहरु पुनः आन्दोलित भएका छन् ।

सरकारले पटक पटक घोषणा गरेको सेवा सुविधाबाट बञ्चित रहेको भन्दै उनीहरु आन्दोलित भएका हुन् ।

न्यूनत्तम तलब सेवा सुविधा तथा जायज माग अविलम्ब सम्बोधन गर्न भन्दै सोमबार राजविराजमा उनीहरुले प्रदर्शन समेत गरेका छन् । प्रदर्शन पश्चात् नगर प्रमुख शम्भुप्रसाद यादवलाई ज्ञापन पत्र बुझाएका उनीहरुले आफूहरुको जायज माग अविलम्ब सम्बोधन गराउन पहलका लागि माग गरेका छन् ।

बालविकासका शिक्षक, शिक्षिका र विद्यालयका कर्मचारीहरु लामो समयदेखी न्यून पारिश्रमिकमा काम गर्नु पर्दा जिवन कष्ठर भएको तथा आफूहरुको समस्याप्रति तीन वटै तहका सरकार उदासिन रहेकोले बाध्य भई सडकमा उत्रनु परेको उनीहरुले बताएका छन् ।

सरकारले आउँदो आर्थिक वर्षदेखी बालविकासमा कार्यरत शिक्षक, शिक्षिका तथा विद्यालय कर्मचारीको पारिश्रमिकप्रति महिना १५ हजार हुने उल्लेख छ । जसअनुसार संघीय सरकारबाट ८ हजार र स्थानिय सरकारबाट ७ हजार रकम उपलब्ध गराउने व्यवस्था भएको बालविकास शिक्षक हकहित संरक्षण समितिका अध्यक्ष सुनिता यादवको भनाई छ ।

तर, सरकारले तोकेको तलबको ८ हजार रकम मात्र उपलब्ध हुने विषयमा उनीहरुको गम्भिर आपत्ति रहेकोले छआफूहरुको जायज माँग अविलम्ब पूरा गर्न सरकारसँग सँग माग गरे ।

आफूहरुको माँग अविलम्ब सम्बोधन नगरे चरणबद्ध रुपमा आन्दोलन चर्काउने उनीहरुले चेतावनी पनि दिएका छन् ।

# सेनाद्धारा प्रहरीलाई ३०० थान हतियार हस्तान्तरण

काठमाडौँ, २१ असार (रासस) ।

नेपाली सेनाले नेपाल प्रहरीलाई ३०० थान हतियार उपलब्ध गराएको छ । प्रधानसेनापति पूर्णचन्द्र थापाले प्रहरी महानिरीक्षक शैलेश थापालाई सैनिक मुख्यालयमा सोमबार आयोजित कार्यक्रममा उक्त परिमाणको इन्सास, एसएलआरलगायतका हतियार र सोको गोली एवं आवश्यक पार्टपुर्जा हस्तान्तरण गर्नुभएको हो ।

मन्त्रिपरिषद्को गत जेठ १७ को निर्णयानुसार सेनाले १० हजार ८१८ नाल हरियार तथा १४ लाख ९४ हजार १६ थान गोली र आवश्यक पार्टपुर्जा प्रहरीलाई तीन चरणमा उपलब्ध गराउने छ । प्रहरीले तालीम, विशिष्ट र अतिविशिष्ट व्यक्तिको सुरक्षा, कार्यालय सुरक्षा तथा अन्य ठूला कार्यक्रम सञ्चालन गर्ने प्रयोजनका लागि ती हतियार माग गरेको थियो । उपलब्ध गराइएका हतियारको मर्मत तथा सञ्चालनसम्बन्धी तालीमसमेत सेनाले प्रहरीलाई प्रदान गर्नेछ ।

सेनाले बाँकी हतियार आगामी वैशाखभित्रमा हस्तान्तरण गरिसक्ने जानकारी दिइएको छ । कार्यक्रममा महासेनानी राजेन्द्रमणि गिरी र वरिष्ठ उपरीक्षक दिपक थापाबीच सहमतिपत्र आदानप्रदान भएको थियो । मुलुकका रक्षा र सुरक्षाको धरोहरका रुपमा रहेका ती दुई निकायका बीच शान्तिसुरक्षा कायम गर्ने सन्दर्भमा कतिपय समयमा संयुक्त परिचालन समेत हुँदै आएको छ ।

शान्तिसुरक्षा कायम गर्ने सन्दर्भमा उत्पन्न हुने अवस्थाको प्रतिकार्यसमेतमा प्रयोग हुने उक्त हतियारले प्रहरीको क्षमता अभिवृद्धि गर्नेछ । प्रहरीको अनुरोधमा सरकारबाट भएको निर्णयबमोजिम सेनासँग भएको जगेडा हतियार प्रहरीलाई उपलब्ध गरिएको सैनिक प्रवक्ता सन्तोषबल्लभ पौडेलले जानकारी दिनुभयो । यसअघि सेनाले सशस्त्र प्रहरी बल नेपाललाई सन् २०२० जुलाई २९ मा ६०० थान इन्सास हतियार उपलब्ध गराएको थियो । कार्यक्रममा नेपाली सेनाका बलाधिकृत रथी प्रभुराम शर्मा लगायत उच्च सैनिक अधिकृतको सहभागिता रहेको थियो ।

## हमरा सभक ऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करु।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करु ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करु।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## लकडाउन अथवा निषेध आदेश रहँदा वा हटेपनि कोरोना संक्रमणको जोखिम कायम छ, सतर्क रहौं, सुरक्षित बनौं

कोरोना भाइरस सजिलै सर्ने मुख्य तीन अवस्थाहरु

कोभिड-१९ बाट जोगिन तीन 'भ' बारे जानकारी राखौं



**भिडभाड हुने स्थान**
जहाँ धेरै मान्छेहरु जम्मा भएका हुन्छन



**भौतिक दुरी कम हुने स्थान**
जहाँ नजिक बसेर वार्तालाप गर्नुपर्ने हुन्छ



**भेन्टिलेशन नभएको**
वा दोहोरो हावा नचल्ने स्थान




यी तीनवटै अवस्थाको मिलाप हुने स्थानमा कोरोना संक्रमणको जोखिम अत्यन्त उच्च हुन्छ

भिडभाड, भौतिक दूरी कम हुने र भेन्टिलेशन पर्याप्त नभएका स्थानहरुबाट टाढा रहौं, कोरोनाबाट बचौं

### तपाईंले अपनाउनु पर्ने सावधानीहरु

- भिडभाड हुने स्थानमा नजाऔं तथा भौतिक दुरी कायम नहुने साँघुरो स्थानहरुमा सकेसम्म कम समय व्यतित गरौं
- सार्वजनिक स्थानमा सदैव कम्तीमा दुई मिटर भौतिक दूरी कायम गरौं
- पर्याप्त दोहोरो हावा प्रवाहका निमित्त झ्याल तथा ढोकाहरु खुला राखौं
- हात संधै साबुन पानीले धोऔं तथा खोक्दा एवं हाच्छिउं गर्दा नाक तथा मुख छोप्ने बानी बसालौं
- भौतिक दुरी आवश्यक हुने स्थानमा अनिवार्य रुपमा मास्कको प्रयोग गरौं

**साधारण लक्षण मात्र भएमा घरमै बसौं, आवश्यक परेमा अस्पताल जाऔं**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money CHAUDHARY GROUP
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*